बैठक संख्या ०५-०८२।८३

आज मिति २०८२।०७।३० गतेका दिन यस लालझाडी गाउँपालिका गाउँकार्यपालिकाका अध्यक्ष श्री निर्मल राना ज्यू, को अध्यक्षतामा तपसिल बमोजिमका गाउँकार्यपालिका सदस्यहरुको उपस्थितीमा गाउँकार्यपालिकाको बैठक बसी देहाय बमोजिमका प्रस्तावहरु माथि छलफल गरी निर्णयहरु पारित गरियो ।

**उपस्थिति :**

१. श्री निर्मल राना ( गाउँपालिका अध्यक्ष )
२. श्री सपना चौधरी राना ( गाउँपालिका उपाध्यक्ष)
३. श्री प्यारेलाल राना ( १ नं. वडा अध्यक्ष)
४. श्री आशाराम राना ( २ नं. वडा अध्यक्ष)
५. श्री टिकाराम डगौरा (३ नं. वडा अध्यक्ष)
६. श्री बहादुर राना ( ४ नं. वडा अध्यक्ष)
७. श्री पहल बहादुर थापा ( ५ नं. वडा अध्यक्ष)
८. श्री हर्कनारायण जोशी ( ६ नं. वडा अध्यक्ष)
९. श्री वासमती राना ( गाउँकार्यपालिका सदस्य)
१०. श्री दिलमाया चौधरी ( गाउँकार्यपालिका सदस्य)
११. श्री विन्दु देवि तिरुवा ( गाउँकार्यपालिका सदस्य)
१२. श्री शान्ती सार्की ( गाउँकार्यपालिका सदस्य)
१३. श्री गीता देवि कोली ( गाउँकार्यपालिका सदस्य)
१४. श्री दुर्गा देवि कामी ( गाउँकार्यपालिका सदस्य)
१५. श्री राज बहादुर सार्की ( सदस्य सचिव)

**बैठक संख्याः०५- ०८२।०८३ आ.व २०८२।८३ २०८२।०७।३० गते बसेको कार्यपालिका बैठकको निर्णयहरुः**

**निर्णय नं. १**

अत्यावश्यक रहेको लालझाडी गाउँपालिका वडा नं ४ को डागाँजाई देखि वडा नं ५ भुली जोड्ने सडक स्तरोन्नति कार्य सडकबोर्ड नेपाल सँगको लागत साझेदारीमा सम्पन्न गर्ने गराउने र मंसिर मसान्त भित्र उक्त आयोजनाका लागि सडक वोर्डबाट बजेट विनियोजन भै नआएमा पालिकाको आन्तरिक बजेट बाट खर्च व्यहोर्ने गरी प्राविधक लागत अनुमान अनुसार सडक स्तरोन्नती कार्य अगाडि बढाउने।

**निर्णय नं. २**

मिति २०८२।०७।१४ गते लालझाडी गाउँपालिकाको १० सैया आधारभूत अस्पताल संचालनका लागि अति आवश्यक १ जना मेडिकल अधिकृतको पदपूर्तिका लागि गाउँपालिकाको कार्यालयबाट भएको विज्ञापन सम्बन्धी निर्णय अनुमोदन गर्ने।

**निर्णय नं. ३**

आ.व.२०८२।८३ का लागि स्वीकृत वार्षिक कार्यक्रम तथा योजना अन्तरगत वडा समिति तथा वडा कार्यालयबाट सिफारिस भै आए बमोजिम आगामी गाउँसभाबाट अनुमोदन हुने गरी देहाय अनुसार योजनाको नाम संशोधन गरी कार्यान्वयन गर्ने।

देहायः

| सि.नं | घटाउने | बढाउने | विनियोजित बजेट रु. | कैफियत |
|---|---|---|---|---|
| १ | जंगल किनार मेसजाली र तारबार जडान वडा नं ६ | शिवमार्ग (पूर्वमा श्री कमला थापाको घर देखि पश्चिममा श्री रमेश विष्टको घरसम्म) मा ग्रेभल तथा स्तरोन्नती | ६,००,००० (अक्षरेपी ६ लाख मात्र।) | |
| २ | जेष्ठ नागरिक मंच वडा नं ३ | जेष्ठ नागिरिक समाज वडा नं ३ | १,००,००० (अक्षरेपी एक लाख मात्र।) | |

**निर्णय नं.** ४

आ.व.२०८२।८३ का लागि स्वीकृत वार्षिक कार्यक्रम तथा योजना अन्तरगत अध्यक्ष विशेष कार्यक्रमका लागि विनियोजित वजेटलाई वडाको माग र आवश्यकताका आधारमा देहाय बमोजिमका आयोजनामा बाँडफाँड गरी कार्यान्वयन गर्ने।

देहायः

| सि.नं | आयोजनाको नाम | ठेगाना | विनियोजित बजेट रु. | कैफियत |
|---|---|---|---|---|
| १ | वाटुली चोकदेखि झो पु जोड्ने सडक स्तरोन्नती | वडा नं १ | ५०,००,००० (अक्षरेपी पचास लाख मात्र।) | |
| २ | दोदा नदी क्षेत्रमा तटबन्धन | वडा नं ३ | ५०,००,००० (अक्षरेपी पचास लाख मात्र।) | |
| ३ | जंगल क्षेत्रमा सोलार स्ट्रिट लाईट जडान | वडा नं ६ | ५०,००,००० (अक्षरेपी पचास लाख मात्र।) | |